December 2015

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 3, Vol. 30

www.eurasiareiyukai.com



Smile of The Month

## १८ नोभेम्बर २०१५मा सम्पन्न महागुरु काकुतारो कुबोज्यूप्रति कृतज्ञता पर्वमा संस्थापक अध्यक्षज्यूद्वारा प्रदान गर्नुभएको मार्गनिर्देशनका मुख्य-मुख्य बुंदाहरू

### सम्पूर्ण ब्रम्हाण्डको एउटै प्रकाश

नेपाली जनताहरूको जीवन अहिले अति नै कष्टप्रद छ । तेल छैन, त्यसकारणले गर्दा मोटर बाइक, गाडी, बसहरू पनि त्यति चलेको छैन, त्यसकारण यहाँ मुख्य समारोहमा आउन सकेनन । त्यसकारण वहाँहरूले आ-आफनो मिहाता शाखामा कृतज्ञता पर्व आज मनाउने मौका पाइरहेको छ । श्रीमान् काकुतारो कुबोज्यू जापानिज हुनुहुन्छ, यहाँहरू जस्तै कर्मको सम्बन्ध भएर त्यस देशमा जन्मनु भयो, म पनि त्यही जन्मेको हुँ, कर्मको सम्बन्ध भएर त्यस देशमा जन्मने मौका पाएको हो। तर हामीले श्रीमान् काकुतारो कुबोज्यूलाई महागुरु कुबोज्यू भनेर भन्ने गर्छौं, वहाँ कुबो घरमा धर्मपुत्र बन्नु भएको थियो, वहाँको दाजु कोतानी परिवारमा धर्म पुत्र बन्नु भएको थियो। वहाँहरू दाजु-भाईले एकदमै कष्टप्रद अभ्यास गर्नु भयो, दाजुको नाम कोतानी यासुकिचि हो र वहाँको श्रीमती किमी कोतानीज्यू सहित ३जनाले यस पृथ्वीमा भएको मानव समाज अनि आँखाले नदेखिने संसारलाई कसरी बचाउँन सकिन्छ, बचाएन भने यो पृथ्वी विनाश हुन्छ भनेर एकदमै अभ्यास गर्नु भयो अनि सद्धर्मपुण्डरीकसूत्र भित्र बुस्सोगोनेन्को शिक्षा पत्ता लगाउनु भयो फलस्वरुप आज हामी महान् रेयूकाई शिक्षाको अभ्यास गर्ने मौका पाईरहेका छौं ।

म आफनो आमा-बुवालाई अनुरोध गरेर जन्मेर आएको पनि होइन, तपाईहरू पनि त्यस्तै होला । कृपया, मलाई जन्म दिनुहोस भनेर जन्मेर आएको त होइन ? आफूसँग सम्पूर्ण कुराहरू मिल्ने दाजु-भाई, दिदी-बहिनीहरू सायद कसैको पनि छैन होला। त्यो कर्मको सम्बन्ध भएर जन्मेर आएको हो। ती अभिभावकहरूबाट जन्म नलिई नहुने कर्मको सम्बन्ध भएर जन्मेर आएको हो। म बद्माश भएको कारणले आमा-बुबाले किन घरको कुनै महत्व नदिई मिचिबिकीमा जानु हुन्छ भनेर सोच्ने गर्थे बुबालाई मैले सोधे किन म यस्तो घरमा जन्मिएको हो ? फलानो घरमा जन्मिएको भए राम्रो हुन्थ्यो भने र जवाफमा भन्नुभयो त्यो कर्मको सम्बन्ध नभएर हो, कर्मको सम्बन्ध भएर तिमी यो घरमा जन्मिएको हो। त्यसरी भन्नुभयो, तर के भन्नु भयो मैले बुझिन। किन त्यस्तो कर्मको सम्बन्ध भएको होला तर ती कुराहरू विस्तारै रेयूकाई शिक्षामा लागि सके पछि र युवाको रूपमा कार्यान्वयन गरि सके पछि सम्पूर्ण कुराहरू यो कर्मको सम्बन्ध भएर हुँदो रहेछ भनेर बुझ्न थाले।

जे होस् आफु खुशीले यो संसारमा मानिसको रूपमा जन्मेर आएको होइन तपाईहरूको जुन आ-आफनो चरित्र अनि ब्यवहार हुन्छ, त्यही किसिमको स्वभाव हुन्छ। त्यो भन्दा पनि अझ महत्वपूर्ण कुरा लिएर जन्मनु भएको छ, त्यो हो जिम्मेवारी र कर्तब्य त्यो जिम्मेवारी कर्तब्य लिएर जन्मिनु भएको छ । यो संसारलाई नबचाई नहुने जिम्मेवारी-कर्तब्यलाई सबै जनाले बोकेर जन्मेर आएको छ ।

बलियोसँग आत्माविश्वास नलिई हुँदैन। म मानिसको रूपमा जन्मिएर आए के को लागि?त्यो थाहा पाउने मौका पाउने यो आँखाले देखिने संसार र नदेखिने संसार मैले बचाउने हो, बचाई पाउने होइन, म बचाउँछु भनेर गर्न सक्ने ब्यक्ति तपाईहरू हो । यो रेयूकाई शिक्षाको ३ वटा खम्बालाई आफैबाट कार्यान्वयन गरी सदस्यहरुलाई पनि कार्यान्वयन नगराईकन हुदैन त्यसलाई बोधिसत्व भनिन्छ । तपाईहरू त्यो जिम्मेवारी-कर्तब्य लिएर यो संसारमा जन्मिएको हो ।

अरूको नराम्रो कुरा गर्ने नभई राम्रो कुरा गर्ने नै आफनो आत्मालाई टल्काउने कुरा हुन जान्छ। त्यसको वेस कृतज्ञता हो। दोस्रो ब्यक्तिको अस्तित्व रहेको हुनाले आफनो अस्तित्व छ ।  यसरी रेयूकाई शिक्षाको बेस (आधार) कृतज्ञता हो। पुर्खाहरू प्रति कृतज्ञ हुने र परिवारप्रति पनि कृतज्ञ हुने, छिमेकीहरूमा, अफिसमा सबैप्रति कृतज्ञ हुने हो। कृतज्ञताको भावना राखेर मुस्कानले बोल्यो भने त्यो ब्यक्तिको मनको ढोका नै खुल्छ । रेयूकाई शिक्षाको एउटा बेस यो हो, त्यसलाई आज, अहिलेदेखि शुरू गर्नुपर्छ । त्यो कुरा नै अन्तरआत्माको विकास हो । आजको आफू निर्माण गर्ने, भोलीको आफू बन्ने होइन, आजको आफू बनेर अब पछिको आफनो जीवनलाई परिवर्तन गर्दै लाने।

सबैजनाले आ-आफनो जिम्मेवारी अनि कर्तब्य प्रति महसूस गर्ने मौका पाएर यो संसारलाई बचाउन सक्ने बोधिसत्वको कार्य कार्यान्वयन गर्नु हुन्छ भन्ने कुरा प्रति अनि तपाईहरूको काम अनि तपाईहरूको परिवारमा उन्नति होस भन्ने कुरा प्रति म कामना गर्दछु । अन्तमा हल्ला नफैलाउनु होला पक्का पक्की कसले कति तारिखको कति बजे कहाँ आफुलाई भनेको हो भनेर भन्न नसकेसम्म आफुले बनाएको झुठ हुनेछ ।











# खुशीको अनुभव



जुन होजाशु श्रीमती पारो राई

क्षेत्रः बिन्दु,

भारत १८औं समुह

नमस्कार,

मैले रेयूकाईको नाम सानै देखि सुनेको भएता पनि सन् २०११को अक्टोबर महिनामा मात्र ओयाज्यू संग भेट भई सदस्य बन्ने मौका पाएको थिए अभ्यासको क्रममा ओयाज्यूले घरमा सोकाईम्यो स्थापना गरिदिनु भई अब देखि यही सोकाईम्योलाई केन्द्रबिन्दु बनाई जीवनको वास्तविक अभ्यास शुरु गर्नुपर्छ भन्नु भयो । घरमा सोकाईम्योलाई स्वागत गरी पुर्खाहरुलाई सूत्रपाठ चढाएर शिक्षालाई विस्तारै विस्तारै अभ्यास गर्दै जाँदा ममा सिक्ने भावना, कृतज्ञताको भावना र माफिको भावना विकसीत हुँदै गएको कुरा महसुस भयो घरमा आमा, बाबा, श्रीमान र बहिनीहरुले पनि यो कुरा नोटिस गरिरहनु भएको रहेछ, । आफूमा केहि कुराको कमी कमजोरी छैन भन्ने कुरा सोच्ने ब्यक्ति भए पनि आध्यात्मिक संसारमा विश्वास बढदै गएपछि सबै यथार्थ कुराहरु पत्ता लाग्दै जाँदो रहेछ त्यो कुरा मैले महान् रेयूकाई शिक्षाको अभ्यासबाट सिक्ने मौका पाए । सर्वप्रथम गोहोजामा आफूले गर्न नसकेको कुरा प्रति माफि मागी अबदेखि धेरै मिचिबिकी गर्न सकू भनि कामना चढाएर मिचिबिकी अभ्यासमा निस्कन थाले यसरी आफू बगानको काममा जाँदा कम्तिमा पनि एकजनालाई मिचिबिकी गर्छु भन्ने प्रतिज्ञा लिई मिचिबिकी गर्दै जाने मौका पाईरहेकी छु । मिचिबिकी भेला आयोजना गरी त्यस भेलाबाट ७ जना सदस्यहरुले सोकाईम्यो आवेदन गरी सबैको घरमा सोकाईम्यो स्थापना गरी सदस्यहरु संग संगै सूत्रपाठ चढाउने मौका पाई सदस्यहरु संग-संगै आफू पनि हुर्किदै जाने मौका पाई रहे-की छु अवश्य भेलाहरु महत्वपूर्ण हो भन्ने कुरा शिबुचो र ओयाबाट मार्गनिर्देशन पाएर घर-घरमा गई १०/२० जनाको समूह गठन गरि मिलियन अभियानलाई कार्यान्वयन गर्ने मौका पाई रहे-की छु । यस्तो महान शिक्षामा अभ्यास गर्ने मौका प्रदान गरी दिनु भएकोमा संस्थापक अध्यक्षज्यूप्रति कृतज्ञता अर्पण गर्दछु र आफू होजाशु बनी आफ्ना सदस्यहरुको सोकाईम्यो आफैले लेख्ने मौका पाई अभ्यास गर्ने मौका पाई यूराशिया रेयूकाईको दिब्य ज्योतिमय सदस्य हूँ भन्ने गर्व बोकि अभ्यास गर्दै जाने मौका पाउने प्रतिज्ञा गर्दछु ।

## यूराशिया रेयूकाई प्राकृतिक वातावरण संरक्षण समितिको अपिल

संस्थापक अध्यक्षज्यूबाट सिकाई पाए अनुरुप जुनसुकै कुरालाई पनि आफैले कार्यान्वयन गरी अरु ब्यक्तिलाई पनि कार्यान्वयन गराउनु पर्छ । त्यसैले प्राकृतिक बातावरण संरक्षण गर्ने सन्दर्भमा पनि तपसील बमोजिमका बूदाँहरुमा जनचेतना जगाउन आफैले कार्यान्वयन गरी सदस्यहरुलाई पनि कार्यान्वयन गराई हामी बसेको पृथ्वी हाम्रो आफ्नै हो, हामीले नै पृथ्वीको बातावरण संरक्षण गर्न अग्रसर हुनुपर्छ भन्ने कुरालाई भित्री मनै देखि मनन गर्दै आफ्नै घरबाट शुरुवात गरौं र गराऔं ।

१) आफ्नो घर र घर वरिपरी आफै सफा गरौं जसले गर्दा घर, टोल, समाज, गाउँ र देश नै सफा हुन्छ ।

२) सकेसम्म फोहरै नगरौं, भएको फोहरलाई वर्गिकरण गरी उचित ब्यवस्थापन गरौं ।

३) केटाकेटीहरुलाई समयै फोहोर मैला सम्बन्धि जनचेतना जगाउने, जस्तै कागजको टुक्रा, सुन्तलाको बोक्रा, चकलेटको प्लाष्टिक वस्तुहरु उचित ब्यवस्थापन गर्न सिकाउने ।

४) कुहिने र नकुहिने फोहरहरु वर्गिकरण गरी कुहिनेलाई जैविक मल बनाई प्रयोग गरौं र रासायनिक मल प्रयोग नगरी वातावरणलाई नकारात्मक असर नपारौं ।

५) अनावश्यक रुपमा बिजुली उपकरणहरु प्रयोग नगरौं, प्रयोग पश्चात पूर्ण रुपमा बन्द गरी कार्वनडाईअक्साइड घटाऔं ।

६) घरमा कम्प्यूटर र टेलिभिजन प्रयोग पश्चात पुर्ण रुपमा स्वीच अफ गरौ. आफ्ना नानीहरुमा पनि स्वीच अफ गर्ने बानी बसाल्न लगाऔं ।

७) आफ्नो घर र घर वरिपरी उपयुक्त ठाँउमा बोटबिरुवाहरु रोपी अक्सिजनको मात्रा बढाई वातावरण स्वच्छ गरौं ।

८) प्लाष्टिक झोलाको सट्टामा घरबाटै लगेको कपडाको झ्याग प्रयोग गरौं अनावश्यक ब्ययभार घटाऔं र प्राकृतिक वातावरण स्वच्छ गरौं ।

## नागरिक सर-सफाई अभियान अन्तर्गत वाग्मती नदी सफाई









## नागरिक सर-सफाई अभियान अन्तर्गत धनगढी बजार सफाई











यूराशिया रेयूकाई टुडे पत्रिका बिगत ३ बर्षदेखि निरन्तर प्रकाशन गर्ने मौका पाई रहेका छौं । अब देखी पनि निरन्तर प्रकाशन गर्ने मौका पाउने छौं टुडे पत्रिका प्रति तपाईहरुको ब्यक्तिगत अनुभवहरु,सुझावहरु सरसल्लाहहरु केही भएमा यूराशिया रेयूकाईमा लिखित जानकारी गराउनुहुन हार्दिक अनुरोध गर्दछौं ।